# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६०) काठमाडौं, जेठ २३ गते, २०६७ साल (अतिरिक्ताङ्क ५

## भाग २

### नेपाल सरकार

### कानून तथा न्याय मन्त्रालय

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ अनुसार मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश  सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०६७ सालको अध्यादेश नं. १

आर्थिक ऐन, २०६६ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावनाः आर्थिक ऐन, २०६६ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल व्यवस्थापिका-संसद्को अधिवेशन नभएकोले,

नेपालको अन्तरिम संविधान २०६३ को धारा ८८ अनुसार मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस अध्यादेशको नाम "आर्थिक (दोस्रो संशोधन) अध्यादेश, २०६७" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।



२. आर्थिक ऐन, २०६६ मा दफा १८ क. थपः आर्थिक ऐन, २०६६ को दफा १८ पछि देहायको दफा १८ क. थपिएको छ :-

"१८क. दर बढाउन सक्नेः (१) दफा १८ मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास वस्तु वा सेवामा यस ऐन वा प्रचलित कानून बमोजिम लागाइएका दस्तुर, शुल्क, महशुल र करको दर तल्काल नबढाइ नहुने अवस्था भएमा नेपाल सरकारले त्यस्तो दस्तुर, शुल्क, महशुल र करको दर बढाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दस्तुर, शुल्क, महशुल र करको दर बढाइएकोमा सो को जानकारी व्यवस्थापिका-संसद्को बैठक बसेको तीस दिनभित्र दिनु पर्नेछ ।"

प्रमाणीकरण मितिः २०६७।२।२३

आज्ञाले,
माधव पौडेल
नेपाल सरकारको सचिव

F:\Rajpatra\law ministry.doc